भूमे गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

## सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

*प्रथम पटक प्रकाशित मितिः २०७८।०२।२६*

भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्रको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तेस्रो चौमासिक अवधिमा संचालन हुने संघीय सरकारबाट हस्तान्तरित शसर्त अनुदान कार्यक्रम अन्तर्गत *राष्ट्रिय फलफूल विकास कार्यक्रमतर्फ फलफूल दशक अन्तर्गत स्थानीय तहमा सुन्तलाजात (सुन्तला, कागती, जुनार विरुवा रोपन अभियान कार्यक्रम (५०% अनुदान)* अन्तर्गत सुन्तलाजातका फलफूल विरुवाहरु खरिद गर्नुपर्ने भएकोले नियमानुसार इजाजत प्राप्त इच्छुक कृषि फार्म/नर्सरी/समूह/संस्था/कम्पनीहरुबाट निम्न शर्तहरुको अधीनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिएको छ ।

१. सिलबन्दी दरभाउपत्र दाखिला गर्दा फर्म सञ्चालकको नेपाली ना.प्र.प., मू.अ.क. दर्ता प्रमाणपत्र, आ.व. २०७६/०७७ सम्मको करचुक्ता प्रमाणपत्र, नवीकरण इजाजत पत्र र आय कर दर्ता प्रमाणपत्रको १/१ प्रति **नोटरी प्रमाणित** प्रतिलिपी, कारोबार गर्न अयोग्य नभएको र कालो सूचीमा नपरेको स्वघोषणा अनिवार्य पेश गर्नुपर्नेछ ।

२. दरभाउपत्र फाराम वापत नगदै रु. १,०००/- (फिर्ता नहुने गरी) तिरी कार्यालयबाट मिति २०७८।०३।०९ गते कार्यालय समयभित्र खरिद गर्न सकिनेछ । खरिद गरिएका सिलबन्दी दरभाउपत्रहरु २०७८।०३।१० गते दिनको १२:०० बजेभित्र कार्यालयमा दर्ता गरिसक्नुपर्ने छ । दर्ता भएका दरभाउपत्रहरु सोही दिनको ३:०० बजे कार्यालयमा खोलिनेछ। रीतपूर्वक पेश नभएका, म्याद नाघी आएका वा शर्त नराखिएका दरभाउपत्रमाथि कुनै कारवाही गरिने छैन। दरभाउपत्रदाता प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलेको मितिदेखि ४५ दिनको हुनेछ । दरभाउपत्रसाथ रु. २५,०००/- रकम बराबरको क वर्गको वाणिज्य बैंकबाट जारी भएको कम्तीमा ७५ दिन म्याद भएको दरभाउपत्र जमानत (Bid Security) पेश गर्नुपर्नेछ वा दरभाउपत्र जमानत नगदै सिटिजन्स बैंक इन्टरनेशनल लि. भूमे शाखा स्थित यस कार्यालयको नाममा रहेको बैंक खाताः **ग३ भूमे गा.पा. धरौटी खाता**, बैंक खाता नं. ०७८०१००००००३०२०१ पनि जम्मा गर्न सकिनेछ।

४. दरभाउपत्र खरिद गर्ने र पेश गर्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट हुनेछ । यसो भएता पनि दरभाउपत्र जमानत र दरभाउपत्रको मान्य अवधि माथि उल्लेखित नै हुनेछ ।

५. दरभाउपत्र स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ।

६. यस सूचनामा उल्लेख नभएको सम्बन्धमा प्रचलित नियम कानून बमोजिम हुनेछ । थप जानकारीको लागि यस कार्यालयमावा ९८१३६०८६९६, ९८०६२५९०२० वा ९८०६२९११२५ मा सम्पर्क राख्न सकिनेछ ।

| दरभाउपत्र.नं. | विवरण | परिमाण | अनुमानित लागत रकम | कैफियत |
|---|---|---|---|---|
| BRM /०७७-७८/SQ/GOODS/१६ | सुन्तला जातका फलफुल विरुवा खरिद | २०,००० | ९,००,०००।- | कागती, सुन्तला र जुनार |

प्रमुख प्रशासकीय अधिकृत